# घनश्याम कँडेलका प्रबन्धकाव्यमा रस

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रसमक्ष

नेपाली विषयमा विद्यावारिधि (पिएच. डी.) उपाधिका निमित्त प्रस्तुत

**शोधप्रबन्ध**


शोधकर्ता

**चक्रप्रसाद अधिकारी**

दर्ता नं. ३००


२०८०

# शोधनिर्देशकको सम्मति

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रअन्तर्गत विद्यावारिधि उपाधिका लागि श्री चक्रप्रसाद अधिकारीले **घनश्याम कँडेलका प्रबन्धकाव्यमा रस** शीर्षकको शोधप्रबन्ध मेरो निर्देशन र प्राज्ञिक सुपरीवेक्षणमा तयार पार्नुभएको हो । नेपाली साहित्यका रससिद्ध कवि घनश्याम कँडेलका छवटा खण्डकाव्य र एउटा महाकाव्यमा आधारित प्रस्तुत शोधप्रबन्धमा पौरस्त्य रससिद्धान्तका दृष्टिले कँडेलका काव्यहरूको गहन अध्ययन गरिएको छ । म उहाँको शोधकार्यबाट सन्तुष्ट छु । प्रस्तुत शोधप्रबन्धको प्रविधि मूल्याङ्कन, विषयगत मूल्याङ्कन र अन्तिम वाक्परीक्षासमेत सम्पन्न भइसकेको र सो क्रममा प्राप्त सुझावहरू समाविष्ट गरी आवश्यक परिष्कार परिमार्जनसहित प्रस्तुत गर्नुभएकोले शोधकर्तालाई विद्यावारिधि उपाधि प्रदान गर्नका लागि थप प्रक्रिया अगाडि बढाइ दिन नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रसमक्ष सिफारिस गर्दछु ।

...............................

२०८०/४/१९

प्रा.डा. सुधनकुमार पौडेल
शोधनिर्देशक

# शोधविशेषज्ञको सम्मति

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रबाट विद्यावारिधि उपाधिको लागि श्री चक्रप्रसाद अधिकारीले **घनश्याम कँडेलका प्रबन्धकाव्यमा रस** शीर्षकको शोधप्रबन्ध मेरो विशेषज्ञतामा तयार पार्नुभएको हो । उहाँले शोधमान्यतामा आधारित भएर तयार पार्नुभएको प्रस्तुत शोधकार्यमा बौद्धिकता र मौलिक चिन्तन प्रस्तुत भएका छन् । निर्धारित मापदण्ड अनुसार तयार पारिएको यस शोधकार्यको प्रविधिगत र विषयगत मूल्याङ्कनका साथै अन्तिम वाक्परीक्षासमेत सम्पन्न भइसकेको छ र त्यसक्रममा प्राप्त सुझावअनुसार शोधप्रबन्धलाई परिष्कृत परिमार्जित तुल्याइएको छ । निजको यस शोधकार्यबाट म पूर्णरूपमा सन्तुष्ट छु । यसर्थ निजलाई नेपाली विषयमा विद्यावारिधि उपाधि प्रदान गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाउन नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रसमक्ष सिफारिस गर्दछु ।

..............................................

२०८०/४/१९

प्रा.डा. भागवतप्रसाद शर्मा रिजाल
शोधविशेषज्ञ

# शोधविशेषज्ञको सम्मति

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र काठमाडौँबाट विद्यावारिधि उपाधिको लागि श्री चक्रप्रसाद अधिकारीले **घनश्याम कँडेलका प्रबन्धकाव्यमा रस** शीर्षकको शोधप्रबन्ध मेरा विशेषज्ञतामा तयार पार्नुभएको हो । म अनुसन्धाताको यस कार्यबाट पूर्ण सन्तुष्ट छु । प्रस्तुत शोधप्रबन्धको मूल्याङ्कन सम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा भई प्रस्तुत गरेकाले विद्यावारिधि उपाधिका आवश्यक प्रक्रिया अगाडि बढाइदिन नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रसमक्ष सिफारिस गर्दछु ।

...............................

२०८०/४/१९

प्रा.डा. नुरापति पोखरेल
शोधविशेषज्ञ

# प्रतिबद्धता पत्र

नेपाल संस्कृत विश्वविद्यालयको अनुसन्धान केन्द्रमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत **घनश्याम कँडेलका प्रबन्धकाव्यमा रस** शीर्षकको यो शोधप्रबन्ध मैले मेरा शोधनिर्देशक आदरणीय गुरु सुधनकुमार पौडेलको निर्देशनमा रही सम्पन्न गरेको पूर्णतः मौलिक कार्य हो । मैले यस शोधप्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु । उपयोग गरिएका सामग्रीको यथास्थानमा स्रोतसमेत खुलाएको छु । प्रस्तुत शोधप्रबन्धमा उपयोग गरिएका साक्ष्यको आधारमा उचित तर्क र युक्तिसङ्गत ढङ्गले सप्रमाण आफ्नो दृष्टिकोण प्रस्तुत गरेको छु । यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले यसअघि कहीँ पनि कुनै उपाधि अथवा अन्य प्रयोजनका निमित्त प्रस्तुत गरेको छैन । यस शोधप्रबन्धको कुनै पाठ पुस्तकका रूपमा प्रकाशित गरेको समेत छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका विपरीत कुनै प्रमाण भेटिएमा म त्यसप्रति पूर्णतः जिम्मेवार हुनेछु ।

अनुसन्धाता

चक्रप्रसाद अधिकारी

२०८०/४/१९

// कृतज्ञता ज्ञापन

प्रस्तुत 'घनश्याम कँडेलका प्रबन्धकाव्यमा रस' शीर्षकको शोधप्रबन्ध मैले मेरा आदरणीय गुरु प्रा.डा. सुधनकुमार पौडेलज्यूको कुशल तथा प्राज्ञिक निर्देशनमा तयार पारेको हुँ । अत्यन्तै व्यस्तताका बाबजुद पनि मलाई यस कार्यमा कत्ति झर्को नमानी आवश्यक सहयोग, सल्लाह, सुझाव र निर्देशन गर्नुभएकोमा सर्वप्रथम अन्तर्हृदयदेखि नै आदरणीय गुरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै यस कार्यको आरम्भदेखि हालसम्म सल्लाह, सुझाव र आवश्यक निर्देशन दिनुहुने आदरणीय विषयविज्ञ गुरु प्रा.डा. भागवतप्रसाद शर्माज्यूप्रति पनि म नतमस्तक छु । उहाँको उदारताप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै गरी मलाई बेला-बेला आवश्यक सरसल्लाह र निर्देशन दिई यस कार्यलाई पूरा गर्न विषयविज्ञको भूमिका निर्वाह गर्नुहुने आदरणीय गुरु प्रा.डा. मोतीलाल पराजुलीज्यूप्रति म कृतज्ञ छु । मलाई यस कार्यमा मार्गनिर्देशन गरी सल्लाह सुझाव प्रदान गर्नुहुने आदरणीय गुरुको स्वर्गारोहणले अत्यन्तै पीडाबोध भइरहेको छ । स्वर्गीय गुरुप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछु । यस शोधप्रबन्धको प्रविधि मूल्याङ्कन पूर्व विश्वविद्यालयमा पेस गर्नुअघि शरीर रुग्ण भई अस्पतालको शैय्यामा रहँदा समेत मलाई सहयोग गर्नुहुने गुरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शोधविशेषज्ञ मेरा आदरणीय गुरु मोतीलाल पराजुलीको स्वर्गारोहणपश्चात् यस कार्यलाई अघि बढाउनका निम्ति शोधविशेषज्ञका रूपमा मलाई यथाशक्य सहयोग गरी मार्गनिर्देश गर्नुहुने आदरणीय गुरु नुरापति पोखरेलज्यूप्रति म अत्यन्तै कृतज्ञ छु । आफ्ना प्रकाशित कृतिहरू, विविध लेखरचनाहरू र जानकारी उपलब्ध गराई मलाई शीघ्रातिशीघ्र शोधप्रबन्ध तयार गर्नुपर्छ भनी घच्घच्याउनु हुने मेरा शोधनायक आदरणीय गुरु घनश्याम कँडेलज्यूप्रति पनि म अन्तस्करणदेखि नै हार्दिक आभार प्रकट गर्दै कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै जीवनका हर सुखदुःखमा रमी मलाई योग्य र असल नागरिक बन्न प्रेरणा दिनुहुने मेरा स्वर्गीय मातापिता गोमा/गुरुप्रसाद उपाध्यायप्रति म हार्दिक श्रद्धा अर्पण गर्दछु । मेरो उन्नति र प्रगतिका निम्ति टेको दिने जीवनसँगिनी सुष्मिता अधिकारीलाई पनि हार्दिक धन्यवाद दिन्छु । त्यस्तै बेला बेलामा सहयोग गर्नुहुने सरस्वती मा.वि. प्रतापपुरका तत्कालीन प्र.अ. प्रेमप्रसाद कोइराला, अध्यक्ष कर्णबहादुर चौधरीप्रति पनि हार्दिक धन्यवाद ।

त्यस्तै यस कार्यलाई पूर्णता दिन प्रत्यक्ष र परोक्ष रूपमा सरसल्लाह दिनुहुने र आफ्ना लेखरचना उपलब्ध गराई सहयोग गर्नुहुने रामप्रसाद ज्ञवाली, रामप्रसाद पन्त, नरहरि घिमिरे लगायतका आदरणीय व्यक्तित्वहरूप्रति पनि हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु । जजसका सामग्री सन्दर्भका रूपमा प्रयुक्त छन् उहाँहरूप्रति पनि म नतमस्तक छु । त्यस्तै यस शोधप्रबन्धलाई टङ्कण गरी सहयोग गर्ने मेरा सुपुत्र सुशोभन अधिकारी, अग्रज जगत् वाशिष्ठ र अभिनव अफसेट प्रेस टीकापुरका पृथ्वी ढुङ्गाना तथा के.एम. कम्प्युटर काठमाडौँका सञ्चालकप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

साथै शोधप्रबन्धको साङ्पाङ्ग सेटिङ्ग र बाइन्डिङ गरी सहयोग गर्नु हुने वृष रावलप्रति पनि हार्दिक कृतज्ञताज्ञापन गर्दछु । बेला मौकामा सहयोग गर्ने भाइ शिवहरि पोखरेल र दामोदर पोखरेल, बहिनी देवमायालाई पनि हार्दिक धन्यवाद छ । शोधप्रबन्धको फोटोकपी बाइन्डिङ्गमा आर्थिक सहयोग गर्ने विश्वविद्यालय अनुदान आयोग काठमाडौँ र आयोगका पदाधिकारज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । साथै मेरो यस शोधप्रबन्ध र विद्यावारिधि कार्यमा परोक्ष प्रत्यक्ष सहयोग गर्नु हुने वीरेन्द्र विद्यामन्दिर क्याम्पसका क्याम्पस प्रमुख हर्कबहादुर भण्डारीज्यू, अन्य स्टाफ साथीहरू र क्याम्पस परिवारप्रति पनि हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

मिति : २०८०/४/१९ गते रोज शुभम्　　　　चक्रप्रसाद अधिकारी

# शोधसार

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रसमक्ष नेपाली विषयमा विद्यावारिधि उपाधिप्राप्तिका लागि प्रस्तुत यस शोधकार्यको शीर्षक 'घनश्याम कँडेलका प्रबन्धकाव्यमा रस' रहेको छ । वि.सं. २००२ सालमा धादिङ जिल्लाको मलेखु बजार नजिक रिचोक्टार गाउँमा जन्मेका कवि घनश्याम कँडेल नेपाली साहित्य र समालोचना क्षेत्रका विशिष्ट प्रतिभा हुन् । उनका *देवयानी* (२०३९), *उज्यालोतिर* (२०५५), *वनको क्रन्दन* (२०५८), *आँसुका अक्षर* (२०६०), *विश्वामित्र-मेनका* (२०६६), *धृतराष्ट्र* (२०७३) र २०७८ भाद्रमा प्रकाशित *सम्यक् सम्बुद्ध* प्रबन्धकाव्य यस शोधकार्यमा अध्ययनका लागि समेटिएका छन् ।

कुनै कृतिमा आद्योपान्त सन्निहित रहने शृङ्खला वा सम्बन्ध नै प्रबन्धत्व हो । त्यस्तो सम्बन्ध विचार, विषय, भाव वा कथा कुनैको पनि हुन सक्छ । काव्यग्रन्थमा प्राप्त हुने यही एकवाक्यता वा पारस्परिक अन्तर्सम्बन्धबाट प्रबन्धकाव्य प्रतिफलित हुन्छ । प्रबन्धकाव्यका मुख्य दुई रूप छन्- महाकाव्य र खण्डकाव्य । यस शोधप्रबन्धमा कँडेलका छवटा खण्डकाव्यको रसविधानका दृष्टिले अध्ययन गरिएको छ भने पछिल्लो पटक प्रकाशित महाकाव्य 'सम्यक् सम्बुद्ध' (२०७८) को सामान्य परिचयमात्र उल्लेख गरिएको छ ।

प्रस्तुत शोधकार्यको मूल प्राज्ञिक जिज्ञासा कँडेलका प्रबन्धकाव्यहरूमा प्रयुक्त रसतत्त्वको खोजी गर्नु हो । यस अध्ययनका लागि आवश्यक सामग्री मूलतः पुस्तकालय र व्यक्तिगत सङ्कलनबाट जुटाइएको छ । यसमा अंशतः क्षेत्रीय विधिको पनि प्रयोग गरिएको छ । कँडेलका विश्लेष्य प्रबन्धकाव्यको छनोटका लागि समष्टिगत विधि, विश्लेषणका लागि निगमन विधि र अंशत आगमन विधिको समेत प्रयोग गरिएको छ । संस्कृत साहित्यको रसवादी समीक्षा पद्धति नै यस शोधमा सामग्री विश्लेषणको मूल आधार हो । सोही आधारमा उपलब्ध सामग्रीको अध्ययन अनुशीलन गरेर उपलब्ध निष्कर्षको उपस्थापन गर्ने काम यस शोधमा गरिएको छ ।

कवि घनश्याम कँडेलका प्रबन्धकृतिको अध्ययन अनुसन्धान माथि उल्लेख गरिए बमोजिम भए तापनि रसविधानका दृष्टिले उक्त कृतिहरूको अध्ययन अनुसन्धान भएको देखिन्न । तसर्थ उक्त कमीलाई पूर्णता दिन घनश्याम कँडेलका प्रबन्धकाव्यमा रस शीर्षकमा गरिएको प्रस्तुत अनुसन्धान नितान्त भिन्न र नौलो रहेको छ ।

प्रस्तुत शोधकार्यबाट घनश्याम कँडेलका प्रबन्धकाव्यहरूलाई रससिद्धान्तका दृष्टिले विवेचना गर्ने नवीन उपक्रम प्रारम्भ भएको छ । कवि घनश्याम कँडेलका पौराणिक प्रबन्धकाव्य, सामाजिक, प्राकृतिक र शोकपरक प्रबन्धकाव्यजस्ता छवटा काव्यहरूलाई रसविधानका दृष्टिले गहन अध्ययन गरी यथेष्ट प्रामाणिक स्रोत उल्लेख गरी उक्त काव्यहरूका अङ्गीरस र अङ्गरसहरूको स्पष्ट व्याख्या गरी निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनको विधि, प्रक्रिया र निष्कर्षलाई अन्य यस्तै खालका अनुसन्धानमा समेत उपयोग गर्न सकिन्छ ।

नेपाली साहित्यको कविता विधाका सशक्त प्रतिभा घनश्याम कँडेलको जीवनी, व्यक्तित्व र कृतित्वबिचको अन्तर्सम्बन्धको उत्खनन यो शोधको महत्त्वपूर्ण प्राप्ति हो । यस अनुसन्धानले घनश्याम कँडेललाई रससचेत विशिष्ट कविका रूपमा चिनाउनुका साथै नेपाली भाषासाहित्यको क्षेत्रमा काम गर्ने प्राध्यापक, लेखक र साहित्यका पाठक एवम् विद्यार्थीसमेतलाई उपयुक्त बौद्धिक खुराक प्रदान गरेको छ ।

# विषयसूची


पृष्ठ

शोधनिर्देशकको सम्मति ख

शोधविशेषज्ञको सम्मति ग

शोधविशेषज्ञको सम्मति घ

प्रतिबद्धता पत्र ङ

कृतज्ञता ज्ञापन च

शोधसार छ


## परिच्छेद एक

### शोधपरिचय


१.१ विषयप्रवेश १

१.२ शोधसमस्या ४

१.३ शोधका उद्देश्यहरू ४

१.४ पूर्वकार्यको समीक्षा ५

१.५ शोधको औचित्य, महत्त्व र उपयोगिता २८

१.६ शोधको क्षेत्र र सीमा २९

१.७ शोधविधि २९

१.७.१ सामग्री सङ्कलन विधि २९

१.७.२ विश्लेषण विधि ३०

१.८ शोधप्रबन्धको रूपरेखा ३१


## परिच्छेद दुई

### रससिद्धान्त र रसविश्लेषणका प्रतिमान


२.१ विषयप्रवेश ३२

२.२ रसको सैद्धान्तिक अवधारणा ३३

२.२.१ 'रस' शब्दको व्युत्पत्ति र अर्थ ३३

२.२.२ रसको परिभाषा ३५

२.२.३ रस स्वरूप ४२

२.२.४ रससामग्री ४४

२.३ रसनिष्पत्ति र यसको मान्यता ६५

२.३.१ भट्टलोल्लटको उत्पत्तिवाद ६६

२.३.२ शङ्कुकको अनुमितिवाद ६७

२.३.३ भट्टनायक : भुक्तिवाद ६८

२.३.४ अभिनव गुप्त : अभिव्यक्तिवाद ६९

२.५ निष्कर्ष ७१

## परिच्छेद तीन

### घनश्याम कँडेलको जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तर्सम्बन्ध

३.१ विषयप्रवेश ७३
३.२ घनश्याम कँडेलको जीवनी ७३
३.२.१ जन्म र जन्मस्थान ७३
३.२.२ बाल्यकाल ७४
३.२.३ शिक्षादीक्षा ७४
३.२.४ वैवाहिक स्थिति र सन्तान ७७
३.२.५ रुचि, स्वभाव तथा आर्थिक अवस्था ७७
३.३ घनश्याम कँडेलको व्यक्तित्व ७९
३.३.१ शिक्षक तथा प्राध्यापकका रूपमा कँडेल ७९
३.३.२ साहित्यकारका रूपमा कँडेल ८०
३.३.३ सम्पादक तथा प्रकाशकका रूपमा कँडेल ८२
३.३.४ कुशल अधिवक्ताको रूपमा कँडेल ८३
३.३.५ कँडेलले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरू ८३
३.४ घनश्याम उपाध्याय कँडेलको साहित्यिक यात्रा र चरण विभाजन ८५
३.४.१ साहित्यिक यात्राको प्रारम्भ ८५
३.४.२ चरण विभाजन ८६
३.५ घनश्याम कँडेलको कृतित्व ९४
३.६ घनश्याम कँडेलको जीवनी, व्यक्तित्व र कृतित्वसितको अन्तर सम्बन्ध १०३
३.७ निष्कर्ष १०५

## परिच्छेद चार

### पौराणिक प्रबन्धकाव्यमा रसविधान

४.१ विषयप्रवेश १०७
४.२ देवयानी खण्डकाव्यमा रसविधान १०८
४.२.१ रचना सन्दर्भ १०८
४.३ संरचनागत स्वरूप १०९
४.३.१ देवयानी खण्डकाव्यको बाह्य संरचना १०९
४.३.२ आन्तरिक संरचना १०९
४.३.३ देवयानी खण्डकाव्यको भाषाशैली ११०
४.३.४ पात्र वा चरित्र ११०
४.३.५ परिवेश १११
४.३.६ भाव र विचार १११

४.४ देवयानी खण्डकाव्यमा अङ्गीरस, अङ्गरसको प्रयोग र रसनिष्पत्ति सम्बन्धी विश्लेषण ११३
४.४.१ शृङ्गार अङ्गीरसको विवेचना ११४
४.४.२ अङ्गरसहरू ११८
४.५ विश्वामित्र-मेनका प्रबन्धकाव्यमा रसविधान १२७
४.५.१ विषयपरिचय १२७
४.५.२ रचना सन्दर्भ १२८
४.५.३ आन्तरिक संरचना १२९
४.५.४ बाह्य संरचना १२९
४.५.५ प्रबन्धगत स्वरूप १३०
४.५.६ आख्यानीकरण १३०
४.५.७ कथावस्तु १३१
४.५.८ पात्रविधान १३४
४.५.९ परिवेश १३४
४.५.१० वैचारिकता १३५
४.५.११ भाषाशैली १३५
४.६ रसविधान १३६
४.६.१ शृङ्गार अङ्गीरसको विवेचना १३७
४.६.२ अङ्गरसहरू १४०
४.६.२.१ वीररस १४०
४.६.२.२ शान्तरस १४३
४.६.२.३ अद्भुत अङ्गरस १४६
४.७ पौराणिक प्रबन्धकाव्य धृतराष्ट्रमा रसविधान १४७
४.७.१ विषयपरिचय १४७
४.७.२ रचना सन्दर्भ १४८
४.७.३ संरचनागत स्वरूप १५०
४.७.३.१ बाह्य संरचना १५०
४.७.३.२ आन्तरिक संरचना १५०
४.७.३.३ प्रबन्धगत स्वरूप १५०
४.७.३.४ आख्यानीकरण १५१
४.७.३.५ कथावस्तु १५४
४.७.३.६ पात्र योजना १५६
४.७.३.७ परिवेश १५८
४.७.३.८ वैचारिकता १५८
४.७.३.९ भाषाशैली १६०
४.८ रसविधान १६१

४.८.१ प्रकरणमा प्रयुक्त रसविधान १६२
४.८.२ करुण अङ्गीरसको विवेचना १६८
४.८.३ अङ्गरसहरू १७१
४.८.३.१ अद्भुतरस १७१
४.८.३.२ वीररस १७४

## परिच्छेद पाँच

### सामाजिक, प्राकृतिक र शोकपरक प्रबन्धकाव्यमा रसविधान

५.१ विषयप्रवेश १७६
५.१.१ विषयप्रवेश १७८
५.१.२ रचना सन्दर्भ १७९
५.१.३ संरचनागत स्वरूप १७९
५.१.३.१ बाह्य संरचना १७९
५.१.३.२ आन्तरिक संरचना १८०
५.१.४ परिवेश विधान १८०
५.१.५ भाषाशैली १८१
५.२ रसविधान १८१
५.२.१ शृङ्गार अङ्गीरसको विवेचना १८२
५.२.२ अङ्गरस १८६
५.२.२.१ भयानक अङ्गरस १८६
५.३ सामाजिक काव्य उज्यालोतिरको संरचना १९१
५.३.१ पात्रविधान १९२
५.३.२ केन्द्रीय, कथ्य तथा वैचारिकता १९४
५.३.३ भाव विधान १९५
५.३.४ लय विधान तथा भाषाशैली १९६
५.३.५ बिम्ब प्रतीक अलङ्कार विधान १९६
५.३.६ रस/ध्वनि विधान १९८
५.४ वनको क्रन्दन लघुकाव्यमा रसविधान १९८
५.४.१ विषयप्रवेश १९८
५.४.२ रचना सन्दर्भ २००
५.४.३ संरचनागत स्वरूप २००
५.४.३.१ बाह्य संरचना २००
५.४.३.२ आन्तरिक संरचना २०१
५.४.४ प्रबन्धगत स्वरूप २०१
५.४.५ आख्यानीकरण २०२
५.४.६ कथावस्तु २०२
५.४.७ पात्र योजना २०३

५.४.८ परिवेश २०३
५.४.९ वैचारिकता २०५
५.४.१० भाषाशैली २०५
५.४.११ रसविधान २०६
५.४.११.१ अङ्गीरस २०६
५.४.११.२ अङ्गीरसका रूपमा करुणरसको विवेचना २०६
५.४.११.३ अङ्गरसका रूपमा शृङ्गाररस २०८
५.५ आँसुका अक्षर शोक काव्यमा रस विधान २११
५.५.१ विषयप्रवेश २११
५.५.२ रचना सन्दर्भ २१७
५.५.३ पात्र योजना २१८
५.५.४ परिवेश २१९
५.५.५ वैचारिकता २२१
५.५.६ भाषाशैली २२२
५.५.७ रसविधान २२३
५.५.७.१ करुण अङ्गीरसको विवेचना २२४
५.५.७.२ अङ्गरसहरू २२९
५.५.७.३ शान्तरस २२९
५.५.७.४ अद्भुत अङ्गरस २३०
५.५.८ रसको पारस्परिक सम्बन्ध २३३
५.५.९ रसाभास/भावभास २३४
५.५.१० रस र भावमा फरक २३६
५.६ सम्यक् सम्बुद्ध महाकाव्यको सामान्य परिचय २३९
५.६.१ विषयप्रवेश २३९
५.६.२ सम्यक् सम्बुद्ध महाकाव्यको संरचना २४०
५.६.३ आन्तरिक संरचना २४२
५.६.४ सम्यक् सम्बुद्ध महाकाव्यको विषयवस्तु २४३
५.६.५ सम्यक् सम्बुद्ध महाकाव्यको सामान्य विश्लेषण २४३
५.६.६ सम्यक सम्बुद्ध महाकाव्यको कथानक २४५
५.७ निष्कर्ष २४६

## परिच्छेद छ
## सारांश तथा निष्कर्ष

६.१ विषयप्रवेश २४८
६.२ अध्यायगत सारांश २४८
६.३ समस्यागत सार २५३
६.४ समग्र प्रबन्धको निष्कर्ष २५४

६.५ योगदान २५६
६.६ उपलब्धि २५६
६.७ सम्भावित शोध शीर्षकहरू २५६
सन्दर्भसामग्री सूची २५७-२६०
परिशिष्टहरू २६१-२७१